# मिथिला नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

ढल्केवर, धनुषा

# शिक्षा, युवा तथा खेलकुद शाखा

प्रदेश नं. २, नेपाल

प.सं. - २०७७/०७८

चलानी नं. - मिति - २०७७।०९।०९

श्री सबै विद्यालयहरू,

मिथिला नगरपालिका, धनुषा ।

**विषय :- निबन्ध प्रतियोगितामा सहभागिता सम्बन्धी सूचना ।**

प्रस्तुत विषयमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको तीसौं स्थापना दिवस २०७७ माघ २८ को उपलक्ष्यमा १२ कक्षासम्म अध्ययनरत एक विद्यालयबाट १ छात्र र १ छात्रा सहभागी हुने इच्छुक विद्यार्थीहरूबाट ***राष्ट्र निर्माणमा सदाचार र सुशासन*** विषयमा २ हजार देखि ३ हजार शब्दमा नबढने गरी निबन्ध लेखन प्रतियोगिता आह्वान गरिएको हुँदा अ.दु.अ.आ. बाट प्राप्त सूचनाको आधारमा गर्नु गराउनु हुन अनुरोध छ । आयोगको सूचना यसै साथ संलग्न छ ।

सीता कुमारी काफ्ले
शाखा अधिकृत

शाखा अधिकृत

Email Address- mithilaedu2074@gmail.com, Facebook page -MinapaShikshaShakha

# अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बर्दिवास, महोत्तरीको

## <u>निबन्ध प्रतियोगितामा सहभागिता सम्वन्धी जरुरी सूचना !!!</u>

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको तीसौं स्थापना दिवस २०७७ माघ २८ को उपलक्ष्यमा १२ कक्षा सम्म अध्ययनरत एक बिद्यालयबाट १ छात्र र १ छात्रा सहभागी हुने गरी इच्छुक बिद्यार्थीहरुबाट *"राष्ट्र निर्माणमा सदाचार र सुशासन"* बिषयमा निबन्ध लेखन प्रतियोगिता आह्वान गरिएको हुँदा सहभागि हुनुहुन *धनुषा, महोत्तरी, सर्लाही, सिन्धुली, उदयपुर, सिरहा र रौतहट जिल्लामा* अध्ययनरत सम्बन्धित सवै बिद्यार्थी भाइ बहिनीहरुलाई आह्वान गरिएको छ ।

नियमहरुः

१. निबन्ध २ हजारदेखि ३ हजार शब्दमा नबढने गरी बिद्यार्थी स्वयंले लेखेर वा युनिकोडमा टाईप गरेर आफ्नो नाम ठेगाना र सम्पर्क नम्बर समेत उल्लेख गरी विद्यालयको शिफारिस सहित *मिति २०७७ पुस २० गते* भित्र अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बर्दिबास, महोत्तरी वा ईमेल ठेगाना <u>ciaabardibas@gmail.com</u> मा पठाउनु पर्नेछ । कपि गरेको वा अन्य कतैबाट सारिएको निबन्धलाई मान्यता दिईनेछैन् र निबन्धको सम्बन्धमा कुनै बिवाद उत्पन्न भएमा मूल्याङ्कन समितिको निर्णय अन्तिम हुनेछ ।

२. नियमित रुपमा अध्ययनरत बिद्यार्थीले मात्र प्रतियोगितामा सहभागी हुन पाउनेछन र उक्त ब्यहोरा बिद्यालयले प्रमाणित गरिदिनुपर्नेछ ।

३. यस क्षेत्रबाट छनौट भएका उत्कृष्ट दुई प्रथम र द्वितीय हुने निबन्धलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग टङ्गाल, काठमाण्डौंमा समेत पठाईनेछ ।

४. यस कार्यालयमा प्राप्त भएका निवन्धहरु बिज्ञ समेतको तीन सदस्यीय मूल्याङ्कन समिति मार्फत मूल्याङ्कन गरी प्रथम, द्वितीय, तृतीय र सान्त्वना स्थान प्राप्त गर्ने निबन्धको छनौट गरी क्रमशः रु.१०,०००/-, रु.७,५००/-, रु.५,०००/- र रु.३,०००/-, नगद पुरस्कार यसै कार्यालयबाट प्रदान गरिनेछ ।

५. थप जानकारी आबश्यक परेमा यस कार्यालयका सूचना अधिकारीको सम्पर्क नं. ९८५४०७९१११ मा सम्पर्क गर्न सकिनेछ ।

६. उपरोक्त ७ वटै जिल्लाका स्थानीय तहहरु तथा शिक्षा विकास तथा समन्वय इकाईहरुले तथा विद्यालयहरुले यस सूचनालाई आधार मानी यथाशक्य विद्यार्थीहरुलाई सुसूचित गरी प्रतियोगितामा सहभागी हुने व्यबस्था मिलाउनु हुन जानकारी गराईन्छ ।

***

web upload

मिथिला नगरपालिका
धनुषा
दर्ता नं.
मिति